जि.प्र.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ अंक : १६ २०८३ साल बैशाख १८ गते, शुक्रबार Friday, May.– 01 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## बारा-रौतहटमा तस्करीको संगठित जालो: पिपरपाति सीमादेखि कुडवा- कलैया गोदामसम्म निर्बाध ओसारपसार

***संवाहक सम्वादाता**-१७ बैशाख, कलैया*

बाराका सीमावर्ती क्षेत्रदेखि जिल्लाभित्रका मुख्य बजारसम्म फैलिएको संगठित तस्करी सञ्जालले राज्य संयन्त्रप्रति गम्भीर प्रश्न उठाएको छ। रौतहटको बंकुल-नरकटिया सिमानाकादेखि सुरु हुने अवैध कारोबार मौलपुर, चन्द्रपुर हुँदै निजगढसम्म सहज रूपमा फैलिने गरेको स्थानीय स्रोतले जनाएको छ।







स्रोतका अनुसार सीमाबाट भित्र्याइएका कपडा, चकलेट, काजु लगायतका सामान पचरौता र सिम्रौनगढ क्षेत्रका नाकाहरू हुँदै भित्र्याइन्छ। विशेषगरी कुडवा क्षेत्रलाई मुख्य ट्रान्जिट प्वाइन्ट बनाइएको छ, जहाँबाट सामानको भण्डारण र पुनः वितरण हुने गरेको बताइन्छ।

कुडवाबाट तस्करीका सामग्रीहरू दुई मुख्य मार्ग प्रयोग गरी जिल्लाभर फैलाइने गरेको देखिन्छ। पहिलो मार्ग लंगडा चोक हुँदै उत्तरी बेल्टसम्म पुग्ने हो भने दोस्रो मार्ग गण्डक नहर हुँदै गाउँका भित्री सडक प्रयोग गरेर बरियारपुर, गंजभवानीपुर हुँदै कलैयासम्म पुग्ने गरेको स्रोतको दाबी छ।

त्यसैगरी, पिपरपाती बेलदारी, झरोखर, मटिअर्वा, छतवा, मुसहरवा र कवही गोठ (सन्तगंज) जस्ता नाकाबाट समेत दैनिक रूपमा मोटरसाइकल र पिकअप प्रयोग गरी सामान ओसारपसार भइरहेको स्थानीयको भनाइ छ।

स्थानीयवासीका अनुसार राति मात्र होइन, दिनदहाडै समेत भारतिय नम्बरका मोटरसाइकल मार्फत बन्डलका बन्डल कपडा तथा अन्य सामान ढुवानी हुने गरेको देखिन्छ। साना नाकादेखि भित्री गाउँका बाटासम्म प्रयोग गरी सामान कलैया स्थित गोदामसम्म पुर्‍याउने गरिएको बताइन्छ। स्रोतका अनुसार बिहिवार राती वर्षाको मौका छोपी पिकअपमै लोड गरि कुडवा गोदामहरूमा ठूलो परिमाणमा चकलेट, काजु र कपडाजस्ता सामग्री भण्डारण

बाँकी तेस्रो पृष्ठमा


## प्रमुख "गायब", योजना ठप्प: कलैया पूर्वाधार कार्यालयमा १ अर्बभन्दा बढीका काम अलपत्र

***संवाहक सम्वादाता**-१७ बैशाख, कलैया*

पूर्वाधार विकास कार्यालय कलैयाका प्रमुख राजेन्द्र साह लामो समयदेखि सम्पर्कविहीन भएपछि कार्यालयका कामकाज पूर्ण रूपमा प्रभावित बनेका छन्। चार महिनाअघि संघीय भौतिक पूर्वाधार तथा विकास मन्त्रालय मा सरुवा भए पनि उनले न रमाना लिएका छन्, न कार्यालयलाई औपचारिक जानकारी नै दिएका छन्।

कार्यालय स्रोतका अनुसार साहको सरकारी मोबाइलसमेत बन्द छ र उनी कहाँ छन् भन्नेबारे कर्मचारीहरू अनभिज्ञ छन्। प्रमुखको अनुपस्थितिले आर्थिक तथा प्रशासनिक काम ठप्प हुँदा चालु आर्थिक वर्षका १ अर्ब ३८ करोड रुपैयाँभन्दा बढीका ३७८ विकास



योजना अलपत्र परेका छन्।

वैशाखको दोस्रो सातासम्म आइपुग्दा समेत उपभोक्ता समिति गठन हुन नसक्नु, टेन्डर प्रक्रिया अघि नबढ्नु र भुक्तानी रोकिँदा बजेट 'फ्रिज' हुने जोखिम बढेको छ।

कार्यालयअन्तर्गत १० लाखदेखि ५० लाख रुपैयाँसम्मका साना तथा मध्यम योजना भए पनि निर्णय गर्ने नेतृत्व नहुँदा कार्यान्वयन ठप्प

बाँकी तेस्रो पृष्ठमा

## व्यापारीको दबाबपछि सरकार "ब्याक", एमआरपीमा स्वघोषणा सुविधा लागू

***संवाहक सम्वादाता**-१७ बैशाख, कलैया*

आयातित वस्तुमा अनिवार्य अधिकतम खुद्रा मूल्य (एमआरपी) उल्लेख गर्नुपर्ने सरकारी निर्णयले भन्सार प्रक्रिया ठप्प भएपछि सरकार तत्कालै लचिलो बनेको छ। व्यापारी र उद्योगीहरूको चर्को विरोधपछि सरकारले उक्त नीतिमा संशोधन गर्दै नयाँ 'स्वघोषणा' व्यवस्था लागू गरेको हो।




यसअघि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले चैत ३० गते सूचना जारी गर्दै वैशाख १५ देखि सबै आयातित वस्तुमा एमआरपी लेबल अनिवार्य गर्ने व्यवस्था लागू गरेको थियो। तर, पूर्वतयारी अभाव र प्राविधिक कठिनाइ देखाउँदै व्यवसायीहरूले विरोध जनाएपछि देशभरका भन्सार कार्यालयमा जाँचपास प्रभावित बनेको थियो।

विशेषगरी वीरगञ्जसहित प्रमुख भन्सार नाकाहरूमा मालवाहक कन्टेनर रोकिन पुगेपछि राजस्व संकलनमा समेत असर परेको थियो। यही अवस्थालाई मध्यनजर गर्दै सरकारले तत्काल नीति परिमार्जन

बाँकी तेस्रो पृष्ठमा

## दैलेखदेखि गोरखासम्म ग्यासको संकेत: आत्मनिर्भर ऊर्जातर्फ नेपालको अवसर

***"दैलेख र गोरखाको ग्यास सम्भावना ऊर्जा आत्मनिर्भरताको अवसर भए पनि नीति अभाव र निर्णयहीनताले उत्खनन अघि बढ्न सकेको छैन। अब ढिलाइ नगरी स्पष्ट रणनीति र कार्यान्वयन आवश्यक छ।"***



लेखक: पन्नालाल दास

दैलेख मा वर्षौंअघि गरिएको अध्ययनले जमिनमुनि करिब चार किलोमिटर गहिराइमा झण्डै ८० अर्ब घनमिटर प्राकृतिक ग्यास रहेको संकेत गरिसकेको छ। त्यस्तै, गोरखा जिल्लाको उत्तरी क्षेत्र दार्जे (तीन खोर्ला आसपास) मा जलविद्युत् सर्वेक्षणकै क्रममा ग्यासको संकेत भेटिनु र सीमित ड्रिलिङमै ग्यासजस्तो गन्ध आउनुले देशभित्रै ऊर्जा स्रोतको उल्लेखनीय सम्भावना रहेको स्पष्ट पार्छ। यी तथ्यहरूले नेपाल ऊर्जा उत्पादनको नयाँ युगतर्फ अघि बढ्न सक्ने आधार देखाए पनि सम्भावना अझै प्रारम्भिक चरणमै सीमित छ।

यद्यपि, यस्ता संकेतहरू व्यवस्थित अध्ययन, अन्वेषण र व्यावसायिक उत्खननमा रूपान्तरण हुन नसक्नु राज्यको प्राथमिकता र कार्यक्षमतामाथि प्रश्न उठाउने विषय बनेको छ। ऊर्जा क्षेत्रमा दीर्घकालीन दृष्टिकोण अभाव, नीति निरन्तरताको कमजोरी र निर्णय प्रक्रियामा ढिलासुस्तीले यस्ता परियोजनाहरूलाई अगाडि बढ्न नदिएको देखिन्छ। सरकार परिवर्तनसँगै प्राथमिकता फेरिने प्रवृत्तिले ऊर्जा जस्तो रणनीतिक क्षेत्रलाई समेत अस्थिर बनाएको छ।

नेपाल लामो समयदेखि पेट्रोलियम पदार्थमा भारत निर्भर रहँदै आएको छ। यसले ऊर्जा क्षेत्रमा संरचनागत परनिर्भरता बनाएको छ, जसले स्वदेशी स्रोत विकासतर्फको पहललाई कमजोर बनाएको देखिन्छ। स्वदेशमै ग्यास उत्पादन सुरु भए ऊर्जा आयातको स्वरूप बदलिन सक्ने भए पनि त्यसका लागि आवश्यक राजनीतिक दृढता र स्पष्ट कार्ययोजना अझै देखिएको छैन।

अर्कोतर्फ, ग्यास उत्खनन जस्तो जटिल प्रक्रियाका लागि उच्च लगानी, उन्नत प्रविधि र दक्ष जनशक्ति आवश्यक पर्छ। विदेशी लगानी र प्राविधिक सहकार्य अपरिहार्य भए पनि स्पष्ट नीति, कानुनी स्थायित्व र पारदर्शिताको अभावले सम्भावित लगानीकर्तालाई आकर्षित गर्न सकेको छैन। राज्य संयन्त्रभित्र देखिने पहुँच-आधारित निर्णय र उत्तरदायित्वको कमीले पनि सम्भावनालाई व्यवहारमा रूपान्तरण हुन अवरोध पुर्‍याएको छ।

यसबीच नेपाल अझै पेट्रोल, डिजेल, मट्टितेल र एलपी ग्यास आयातमा निर्भर छ, जसले अन्तर्राष्ट्रिय बजारको उतारचढावसँगै आम नागरिकलाई प्रत्यक्ष आर्थिक बोझ पारिरहेको छ। यस्तो अवस्थामा तत्कालीन समाधानका रूपमा जलविद्युत्को अधिकतम उपयोग गर्दै विद्युतीय चुलो र विद्युतीय सवारीजस्ता

बाँकी तेस्रो पृष्ठमा

## "बेटी बचाऊ, बेटी पढाऊ" कार्यक्रम अस्तव्यस्त: ५ वर्षदेखि गोदाममै सड्दै हजारौं साइकल

***संवाहक सम्वादाता**-१७ बैशाख, कलैया*

मधेस प्रदेश सरकारको चर्चित 'बेटी बचाऊ, बेटी पढाऊ' अभियानअन्तर्गत छात्राहरूलाई वितरण गर्न खरिद गरिएका हजारौं साइकल पाँच वर्षदेखि गोदाममै थन्किएर जीर्ण बन्दै गएका छन्।



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार हाल ४ हजार ५५७ वटा साइकल जनकपुरस्थित जनकपुर चुरोट कारखाना लिमिटेड को गोदाममा अलपत्र अवस्थामा छन्। संरक्षण अभावका कारण साइकलहरूमा खिया लाग्ने, टायर बिग्रिने र विभिन्न पार्टपुर्जा नष्ट हुने अवस्था पुगेको छ।

उपसचिव विपिन ठाकुरको संयोजकत्वमा गठित समितिले २०७५/७६ यता खरिद, वितरण र मौज्दातको विवरण सङ्कलन गरी प्रतिवेदन बुझाएपछि यो तथ्य बाहिर आएको हो। प्रतिवेदनअनुसार तीन चरणमा खरिद गरिएका साइकलमध्ये केही मात्र वितरण भए भने ठूलो सङ्ख्या प्रक्रिया अपूरो हुँदा गोदाममै थन्किएको छ।

तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वमा कक्षा ८ मा अध्ययनरत छात्राहरूलाई लक्षित गरी कार्यक्रम सुरु गरिएको थियो। तर २०७८ सालमा साइकल खरिदमा भ्रष्टाचारको मुद्दा दायर भएपछि कार्यक्रम नै प्रभावित बन्यो। विशेष अदालतले गत माघमा फैसला सुनाए पनि पूर्ण पाठ सार्वजनिक नभएकाले बाँकी साइकलको व्यवस्थापन र आपूर्तिकर्तालाई भुक्तानी गर्ने विषय अझै अन्योलमै छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/ श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय ........

## ट्रायल नतिजा "गोप्य" पारदर्शिता माथि प्रहार

वीरगञ्ज स्थित यातायात व्यवस्था कार्यालयमा चालक अनुमति पत्र (लाइसेन्स) सम्बन्धी ट्रायल परीक्षाको नतिजा सार्वजनिक नगरी लामो समयसम्म 'गोप्य' राखिएको विषय केवल प्रशासनिक कमजोरी मात्र होइन, सुशासन र पारदर्शितामाथिको गम्भीर प्रहार हो। जब नागरिकले नियमअनुसार परीक्षा दिइसकेपछि आफ्नो नतिजा समयमै थाहा पाउन सक्दैनन्, त्यहाँ शंका, अविश्वास र अन्ततः भ्रष्टाचारका बीउ उम्रिनु स्वाभाविक हुन्छ।

प्रचलित सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र नियमावली, २०५४ ले परीक्षा प्रणालीलाई पारदर्शी, निष्पक्ष र समयमै नतिजा सार्वजनिक गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ। अझ डिजिटल प्रणाली लागू भएका कार्यालयहरूमा त ट्रायलपछि तुरुन्तै नतिजा उपलब्ध गराउने अभ्यास स्थापित भइसकेको छ। तर वीरगञ्जमा भने यस विपरीत नतिजा रोक्ने, प्रक्रिया अस्पष्ट राख्ने र सेवाग्राहीलाई अन्योलमा पार्ने प्रवृत्ति देखिनु गम्भीर प्रश्नको विषय हो–के यो केवल लापरवाही हो, कि नियोजित 'सेटिङ'?

सेवाग्राहीहरूले उठाएका आरोपहरू–अतिरिक्त रकम असुली, अयोग्यलाई पास गराउने, नतिजा रोकेर दबाब सिर्जना गर्ने–यदि सत्य हुन् भने, यो केवल अनियमितता होइन, सीधा-सीधा सार्वजनिक सुरक्षामाथिको खेलवाड हो। लाइसेन्स प्राप्त गर्नु भनेको सवारी चलाउने अधिकार मात्र होइन, अरूको ज्यानप्रति जिम्मेवारी वहन गर्नु पनि हो। अयोग्य चालकलाई लाइसेन्स दिनु भनेको सडक दुर्घटना निम्त्याउनु हो, जसको मूल्य निर्दोष नागरिकले ज्यान गुमाएर तिर्नुपर्छ।


यस्तो अवस्थामा कार्यालय प्रमुखदेखि सम्बन्धित निकायसम्मको भूमिका प्रश्नको घेरामा पर्नु स्वाभाविक छ। नियामक निकायको मौनता झन् शंकास्पद देखिन्छ। यदि अनियमितता छैन भने नतिजा किन रोकिन्छ? किन डिजिटल प्रणाली पूर्ण रूपमा लागू हुँदैन? किन सेवाग्राहीलाई स्पष्ट जानकारी दिइँदैन? यी प्रश्नहरूको जवाफ खोज्नु अब अत्यावश्यक भइसकेको छ।

अब समाधान स्पष्ट छ। पहिलो, ट्रायल परीक्षाको नतिजा सोही दिन वा अधिकतम २४ घण्टाभित्र अनिवार्य रूपमा सार्वजनिक गर्ने व्यवस्था कडाइका साथ लागू गरिनुपर्छ। दोस्रो, सम्पूर्ण प्रक्रिया डिजिटल प्रणालीमार्फत पारदर्शी बनाइनुपर्छ, जसले मानवीय हस्तक्षेप र 'सेटिङ'को सम्भावना घटाउँछ। तेस्रो, विचौलिया नियन्त्रणका लागि कडा अनुगमन र दोषीमाथि तत्काल कारबाही अनिवार्य हुनुपर्छ। सुशासन केवल नीतिमा होइन, व्यवहारमा देखिनुपर्छ। यदि सरकारले आफ्नै प्रणालीभित्र भइरहेको यस्तो बेथिति नियन्त्रण गर्न सक्दैन भने नागरिकको विश्वास गुम्दै जानेछ। वीरगञ्जको यो घटनाले एउटा गम्भीर सन्देश दिएको छ–अब पनि सुधार नगर्ने हो भने लाइसेन्स वितरण प्रणाली नै भ्रष्टाचारको केन्द्र बन्दै जाने खतरा छ। त्यसैले ढिलाइ नगरी पारदर्शिता, जवाफदेहिता र कानुनी शासनलाई व्यवहारमा उतार्ने समय आएको छ।

# पुँजीगत खर्चका चुनौती

नेपाल जस्तो अतिकम विकसित देशमा पुँजीगत बजेट कार्यान्वयनको ठुलो महत्त्व हुन्छ तर पुँजीगत बजेट नै खर्च हुन नसकेका धेरै आयोजना छन् । न्यून पुँजीगत बजेट खर्च गरेर अपेक्षित उपलब्धि हासिल हुँदैन । आयोजना व्यवस्थापनका समस्या समाधान गर्न सके रोजगारी सिर्जना गरी आर्थिक समृद्धि हासिल गर्न सकिन्छ ।






कृष्णमणि पराजुली

नेपालको अर्थतन्त्रमा सधैँ आइरहने समस्या भनेको पुँजीगत बजेट खर्च नहुनु हो। लामो समयदेखि खर्च नै हुन सकिरहेको छैन। समस्या स्पष्ट छन्, समाधान पनि स्पष्ट छन् तर अर्थतन्त्रमा सुधार आउन सकेको छैन। त्यसैले समस्या पहिचान गरेर समाधान खोज्न नलाग्ने हो भने विकासले गति लिन सक्दैन । विकासलाई अगाडि बढाउने भनेकै पुँजीगत बजेट हो। पुँजीगत बजेट थोरै विनियोजन गर्ने, त्यही पनि खर्च नहुनाले अर्थतन्त्र खस्कँदै जान्छ । मूलतः पुँजीगत बजेटको संरचना र कमजोर कार्यान्वयनले गर्दा अर्थतन्त्रमा बारम्बार उही र उस्तै समस्या देखा परेका छन्। नेपालको अर्थतन्त्रमा पुँजीगत बजेटलाई सधैँ उपेक्षा गरिएको देखिन्छ। आर्थिक वर्ष २०८२/८३ मा १९ खर्ब ६४ अर्बको कुल बजेटमा पुँजीगततर्फ जम्मा चार खर्ब सात अर्ब विनियोजन गरिएको छ भने चालुगततर्फ ११ खर्ब ८० अर्ब विनियोजन भएको देखिन्छ। यसले के देखाउँछ भने बजेट विनियोजनमै पुँजीगत बजेटलाई प्राथमिकतामा पारिएको देखिँदैन । अर्कोतर्फ चालुगत बजेट भने प्राथमिकतामा परेको देखिन्छ । सार्वजनिक खर्च प्रणालीमा यस्तो अवस्था देखिनुलाई राम्रो मानिँदैन । सरकारी बजेट प्रणालीमा प्रारम्भिक अवस्थादेखि नै संरचनात्मक समस्या देखिन्छन् ।

पुँजीगत खर्चको अर्को समस्याको पाटो भनेको यसलाई कम प्राथमिकतामा राखिएको छ । चालु आवको बजेट निर्माणमा वित्त व्यवस्थापनमा तीन खर्ब ७५ अर्ब र पुँजीगतमा चार खर्ब सात अर्ब बजेट छुट्याइएको छ । यसरी चालुगत र वित्त व्यवस्थापनतर्फको बजेटसँग पुँजीगत बजेटको तुलनात्मक अध्ययन गर्ने हो भने पुँजीगत बजेट कम प्राथमिकतामा परेको सहजै अनुमान गर्न सकिन्छ । पुँजीगत बजेटलाई विकासको मेरुदण्डका रूपमा लिइएको हुन्छ। सडक, सिँचाइ, विद्युत्, पुल, कृषि, सिँचाइ, कलकारखाना, उद्योग जस्ता ठुला र धेरै लगानी आवश्यक हुने आयोजना निर्माणका लागि पुँजीगत बजेट प्रयोग गरिन्छ । विकास भन्नु नै यिनीहरूको निर्माण र स्तरोन्नति गर्नु हो । नेपालमा भने यिनीहरूको स्तरवृद्धि नभएका कारण हामी विकासमा पछि परेको हो। विकासका लागि पुँजीगत बजेट अपरिहार्य नै हुन्छ र पुँजीगत बजेटले जहिले पनि दीर्घकालीन सोच राखेको हुन्छ। यसमा छिटो लगानी गरेर छिटै प्रतिफल प्राप्त गर्न सकिँदैन। कुनै साना आयोजना छिटै सम्पन्न गर्न सकिए पनि अपेक्षित प्रतिफल उपलब्ध नहुन सक्छन् । त्यसैले यसको लक्ष्य भनेको दीर्घकालीन नै हो ।

पुँजीगत बजेट खास गरेर ठुला पूर्वाधार, उद्योग जस्ता संरचना निर्माणसँग सम्बन्धित हुन्छ । यो दीर्घकालीन फाइदाको सोच लिएर अगाडि बढेको हुन्छ । पूर्वाधार निर्माणले निजी क्षेत्रलाई समेत लाभ पुग्छ । किनभने निजी क्षेत्रबाट सञ्चालन हुने उद्योग, कलकारखानाका लागि आवश्यक पर्ने विद्युत्, सडक, पानी, सिँचाइ आदि निर्माणमा पुँजीगत बजेटले योगदान गरेको हुन्छ। त्यसकारण प्रत्येक वर्ष सरकारले ल्याउने बजेटमा निजी क्षेत्रको पनि चासो रहेको हुन्छ। बत्ती, पानी, सडक जस्ता अवयवले निजी क्षेत्रबाट उत्पादन हुने वस्तुहरूको उत्पादन लागत कम हुनुका साथै उत्पादनले निरन्तरता पाउँछ।

अर्को कुरा पुँजीगत खर्चलाई केवल खर्चका रूपमा मात्र हेरिँदैन । यो लगानी पनि हो र लगानीले अतिरिक्त लाभ खोजेको हुन्छ । यसमा दीर्घकालीन सम्पत्ति निर्माणको अपेक्षा गरिएको हुन्छ । विकासनिर्माणका लागि ठुलो धनराशि आवश्यक हुने भएकाले आन्तरिक स्रोतसाधनले नपुग्न सक्छ । नेपाल जस्ता अतिकम विकसित देशमा त स्वदेशी वित्तीय स्रोतसाधन न्यून हुने भएकाले ठुला आयोजना सञ्चालन गर्न दातृ निकाय तथा बाह्य स्रोतको मुख ताक्नुपर्ने हुन आउँछ । त्यसैले हाम्रो अर्थतन्त्र विदेशी ऋण तथा अनुदानमा निर्भर हुँदै गएको छ । केही वर्षयता विप्रेषणबाट प्राप्त रकम लगानीयोग्य हुन नसके पनि यसले अर्थतन्त्रलाई चलायमान भने बनाएको छ तर हालै मध्यपूर्वमा भएको तनावका कारण विप्रेषण आउने सम्भावना पनि न्यून हुँदै गएको छ । यसले केही मात्रामा भए पनि अर्थतन्त्रमा असर पार्छ। विकासनिर्माणले गति लिन सक्दैन ।

सार्वजनिक लेखा प्रणालीले चालुगत र पुँजीगत भनेर सम्पूर्ण खर्चलाई दुई भागमा विभाजन गरेको छ । चालुगत खर्चलाई अनुत्पादक खर्चका रूपमा लिइएको हुन्छ; जुन खर्चले उत्पादन र उत्पादकत्वमा खासै योगदान गरेको हुँदैन। यद्यपि पुँजीगत खर्च प्रभावकारी बनाएर विकासनिर्माणलाई सहज बनाउन चालुगत खर्च आवश्यक नै पर्छ । कुनै विकासनिर्माण आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा त्यहाँका कर्मचारीको तलबभत्ता, घरभाडा, बत्तीपानीको महसुल, गाडीभाडा, इन्धन, कार्यालय सञ्चालनसम्बन्धी प्रशासनिक खर्च जस्ता कुरा विकासनिर्माणमा आवश्यक नै हुन्छन्। यिनको अभावमा आयोजना सञ्चालन गर्न सकिँदैन तर के बुझ्नु पर्छ भने यी खर्च आवश्यक भए पनि यस्ता खर्च धेरै भए भने आयोजनाको लागत बढी हुन जान्छ र प्राप्त प्रतिफल जनताका लागि महँगो पर्न जान्छ। चालुगत खर्च कम गर्न सकियो भने लगानी भएको रकमबाट धेरै लाभ हासिल गर्न सकिन्छ।

विकासका लागि पुँजीगत बजेटको महत्वपूर्ण योगदान रहेको हुन्छ । विकास बजेट भएन भने आयोजना कार्यान्वयन गर्न सकिँदैन । जग्गा, उपकरण र मेसिनरी औजार खरिद; भवन निर्माण, कर्मचारीलाई तलब र कामदारलाई ज्याला; बत्ती, पानी, भाडा आदिका लागि पनि खर्च आवश्यक हुन्छ । आयोजनासम्बन्धी अन्य विविध खर्च पनि पर्छन् । त्यसकारण कुनै पनि आयोजना निर्माणका लागि पुँजीगत बजेटको ठुलो महत्व हुन्छ। यसमा पनि पुँजीगत बजेटको आकार ठुलो हुने भएकाले स्रोत जुटाउन सरकारलाई मुस्किल पर्छ। स्रोतकै कुरा गर्ने हो भने नेपालमा स्रोत जुटाउन नसकिएकाले कतिपय आयोजना सञ्चालनमा ल्याउन सकिएको छैन ।

ठुला आयोजना सञ्चालन गर्दा धेरै मानिसले रोजगारी पाउँछन्; जसले गर्दा उनीहरूको घरपरिवार पाल्न, शिक्षा, स्वास्थ्यको सेवा उपलब्ध गराउन पनि सजिलो पर्छ । अर्को कुरा रोजगारी वृद्धिबाट उत्पादन पनि वृद्धि हुन्छ। सडक, सिँचाइ, ऊर्जा, यातायात जस्ता क्षेत्रको विकासले जनताको जीवनस्तर सहज हुन सक्छ । पुँजीगत बजेट सरकारले सञ्चालन गर्ने भए पनि यसले निजी क्षेत्रको विकासमा पनि टेवा पुऱ्याएको हुन्छ । पुँजीगत बजेटको यति धेरै महत्व हुँदाहुँदै पनि व्यवहारमा त्यति लाभ लिन सकिएको छैन । बजेट तर्जुमाको प्रारम्भिक चरणदेखि नै कमीकमजोरी हुने गरेको देखिन्छ। बजेटको व्यवस्था नगरीकन पनि आयोजना स्वीकृत भएको पाइन्छ। कागजमा मात्र आयोजना देखिन्छ। त्यस्तै कतिपय आयोजनामा प्रत्येक वर्ष थोरै बजेट विनियोजन गरेर निरन्तरता दिने गरिएको पाइन्छ। यस्तो कार्यले सीमित स्रोतसाधनको दुरुपयोग हुन सक्छ ।

एउटा आयोजनालाई पूर्णता दिन विभिन्न अवयवको संयोजन गर्नु पर्छ। आयोजना व्यवस्थापनतर्फ त्यति ध्यान नगएको हुनाले व्यवस्थापकीय कमजोरी देखिएका छन्; जसले गर्दा आयोजना कार्यान्वयनले गति लिन सकिरहेको छैन। स्थानीयवासीदेखि अन्तर्राष्ट्रिय निकायसँग पनि सम्बन्धित हुने भएकाले आयोजना कार्यान्वयनमा जटिलता आएका हुन्छन् । यी जटिलतालाई सहज रूपले समयमै सम्बोधन गर्न नसक्दा आयोजना महँगो हुँदै जान्छन् । आयोजना व्यवस्थापनमा आएका समस्यालाई तत्कालै निराकरण गर्ने हो भने यसबाट धेरै लाभ लिन सकिन्छ । यसै गरी विकास आयोजनामा अनियमितता हुने गरेको महालेखाको प्रतिवेदनहरूले औँल्याउने गरेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरीबाट पनि अनियमितता बढेको भन्न सकिन्छ । ठुला ठुला भ्रष्टाचारका मुद्दा विकास आयोजनामै भएको देखिन्छ । पुँजीगत बजेट खर्च गर्ने सम्बन्धमा अर्को विडम्बना के देखिएको छ भने एकातिर बजेट अभाव भनिएको हुन्छ, अर्कातिर बजेट खर्च नभएको अवस्था देखिन्छ। हाम्रो प्रशासनिक तथा प्राविधिक कार्यक्षमतामा पनि प्रश्न उठ्ने गरेको छ किनभने चालु आवको नौ महिना समाप्त भइसक्दा पनि पुँजीगत बजेट २४ प्रतिशत मात्र खर्च भएको छ। यस्तो न्यून पुँजीगत बजेटले अपेक्षित विकासको प्रतिफल प्राप्त गर्न सकिँदैन।

नेपालमा पुँजीगत बजेट खर्च हुन नसक्नुमा विभिन्न कारण छन्। कहीँ बजेटको अभाव देखिन्छ भने कहीँ बजेट नै खर्च भएको छैन । कतै कानुन अभाव छ भने कतै जनशक्ति अभाव देखिन्छ । वातावरण, रुख कटान, जग्गा अधिग्रहण, मुआब्जा वितरण, स्थानीय जनताबाट असहयोग, आपूर्ति व्यवस्थापनमा अवरोध जस्ता समस्या पुँजीगत बजेट कार्यान्वयनमा सधैँ आइरहने समस्या हुन्। समस्यासमाधान गर्न नसकिने भने होइन तर समस्या समाधान गर्नेभन्दा पनि त्यसैलाई बल्झाइरहने परिपाटी अन्त्य हुन सकिरहेको छैन । त्यसकारण आयोजना समयमै सम्पन्न गर्ने गरी पहिल्यै कार्ययोजना बनाएर कार्यान्वयन गर्नु पर्छ। काम गर्न नसक्ने पदाधिकारीलाई तत्काल कारबाही गर्नु पर्छ ।

आयोजना कार्यान्वयनका लागि पारदर्शी र उत्तरदायित्वको महत्वपूर्ण भूमिका रहन्छ। समयमै आयोजना कार्यान्वयन गर्नमा यसले ठुलो योगदान पुऱ्याउँछ। पुँजीगत बजेट कार्यान्वयन गर्नेबारे प्राविधिक क्षमतामा पनि धेरै कुरा भर पर्छन्। जस्तै प्राविधिक क्षमता विकासका लागि स्वदेशभित्रै प्राविधिक तालिम तथा प्रशिक्षण केन्द्रहरूको विकास गर्नु पर्छ । आयोजना व्यवस्थापन सधैँ उपेक्षित भएको अनुगमन तथा मूल्याङ्कन नभएर पनि हो । यस्ता समस्यालाई तत्काल समाधान गर्नु पर्छ । नेपाल जस्तो अतिकम विकसित देशमा पुँजीगत बजेट कार्यान्वयनको ठुलो महत्व हुन्छ तर पुँजीगत बजेट नै खर्च हुन नसकेका धेरै आयोजना छन्। न्यून पुँजीगत बजेट खर्च गरेर अपेक्षित उपलब्धि हासिल हुँदैन । आयोजना व्यवस्थापनका समस्या समाधान गर्न सके रोजगारी सिर्जना गरी आर्थिक समृद्धि हासिल गर्न सकिन्।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## दक्षिण सुडानमा ७८ लाख मानिस खाद्य असुरक्षाको सामना गर्दै : अन्तर्राष्ट्रिय संघ सस्था

***पेरिस, वैशाख १७ गते ।***
मध्यपूर्वमा जारी युद्धले विश्व अर्थतन्त्र, कूटनीति र सुरक्षा अवस्थामाथि एक साथ गहिरो प्रभाव पारिरहेको छ । तेलको मूल्य चार वर्षयताकै उच्च विन्दुमा पुगेको छ भने अमेरिका, युरोप र रुसबिचको सम्बन्ध पनि थप जटिल बन्दै गएको छ ।



यसबिच सैन्य गतिविधि, कूटनीतिक वार्ता र आर्थिक असर समानान्तर रूपमा तीव्र भएका छन् । ऊर्जा बजारमा सबैभन्दा स्पष्ट प्रभाव देखिएको छ। यो डेलिभरीका लागि ब्रेन्ट कच्चा तेलको मूल्य सात प्रतिशतभन्दा बढी बढेर १२६.४१ डलर पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियेट पनि ३.४ प्रतिशतले बढ्दै ११०.३१ डलरमा पुगेको छ। इरानमाथि अमेरिकी नाकाबन्दी कडा बनाइँदै जाँदा आपूर्ति असन्तुलनको डरले बजार उकालो लागेको हो ।

सैन्य पक्षमा, अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम)ले नाकाबन्दी उल्लङ्घन गर्ने प्रयास गरेका ४२ औं व्यावसायिक जहाजलाई समेत सफलतापूर्वक फर्काइएको जनाएको छ । यससँगै करिब छ अर्ब डलर मूल्य बराबरको छ करोड ९० लाख ब्यारेल तेल बोकेका ४१ ट्याङ्कर बजारमा प्रवेश गर्न नपाएको दाबी नै देश छोडेका छन् ।

ऊर्जा कम्पनीले भने बढ्दो मूल्यबाट लाभ लिएका छन् । फ्रान्सेली कम्पनी टोटल एनर्जीले पहिलो त्रैमासिकमा ५१ प्रतिशतले नाफा बढ्दै पाँच अर्ब ८० करोड डलर पुगेको जनाएको छ। ब्राजिल र लिबियामा उत्पादन वृद्धि तथा उच्च मूल्यबाट कम्पनीले फाइदा उठाएको उल्लेख गरिएको छ। साथै, साउदी अरेबियामा हवाई आक्रमणपछि बन्द गरिएको सातोर्प रिफाइनरी पुनः सञ्चालनमा आएको छ र दैनिक दुई लाख ३० हजार ब्यारेल क्षमतामा उत्पादन भइरहेको छ ।

क्षेत्रीय सुरक्षा अवस्था भने अझै अस्थिर छ । लेबनानमा इजरायली आक्रमण जारी रहँदा पछिल्ला दुई दिनमा २० जनाभन्दा बढीको मृत्यु भएको छ। राष्ट्रपति जोसेफ आउनले स्थायी वार्ताअघि युद्धविराम पूर्णरूपमा कार्यान्वयन गर्न आग्रह गर्नुभएको छ । इजरायलले भने इरान समर्थित हिजबुल्लाह समूहविरुद्ध दक्षिण लेबनानमा सैन्य कारबाही जारी राखेको छ ।

## अफगानिस्तानको सुन खानीमा विस्फोट, पाँच जनाको मृत्यु

***काबुल, वैशाख १७ गते ।***
अफगानिस्तानको उत्तरपूर्वी बदखसन प्रान्तको सुन खानीमा विस्फोट हुँदा कम्तीमा पाँच जना खानी मजदुरको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन् । अधिकारीका अनुसार सहरी बुजर्ग जिल्लाको अविज क्षेत्रमा मजदुरले सुन खोजिरहेको समयमा दुर्घटना भएको हो ।



विपद् व्यवस्थापनका लागि प्रान्तीय निर्देशक मावलवी मोहम्मद अकरम अकबरीले मृतकको सङ्ख्या पाँच पुगेको पुष्टि गर्दै थप पीडितहरूको खोजी कार्य जारी रहेको बताउनु भएको छ । दुर्गम बदखसन जिल्ला खनिज स्रोतमा धनी जिल्ला भएता पनि अनियमित र खतरनाक खानी जन्य उत्खनन्ले समस्या ग्रस्त क्षेत्रको रुपमा परिचित रहेको जनाइएको छ ।

उच्च गरिबीले ग्रस्त अफगानीस्थानको खानी क्षेत्रमा यस्ता दुखद दुर्घटना पटक-पटक हुने गरेको पाइन्छ भने परम्परागत र अनियमित खानी उत्खनन्को अभ्यासले आधुनिक मेसिनरी र व्यावसायिक सुरक्षा मापदण्डको अभावमा ज्यान गुमाउनेको सङ्ख्या बढिरहेको जनाइएको छ ।

---

## बारामा...

विकल्प विस्तार गर्नु व्यवहारिक देखिन्छ। तर दीर्घकालीन रूपमा दैलेख र गोरखाको ग्यास उत्खनन सफल भएमा ऊर्जा आत्मनिर्भरता मात्र होइन, औद्योगिक विकास, रोजगारी सिर्जना र राष्ट्रिय अर्थतन्त्र सुदृढीकरणको बलियो आधार तयार हुन सक्छ।

अब आवश्यकता स्पष्ट छ–राष्ट्रिय ऊर्जा रणनीतिमा ग्यास उत्खननलाई प्राथमिकतामा राख्ने, दीर्घकालीन राजनीतिक प्रतिबद्धता सुनिश्चित गर्ने, वैज्ञानिक अध्ययनलाई तीव्रता दिने र पारदर्शी लगानी वातावरण निर्माण गर्ने। नागरिक सहभागितामूलक लगानी (सेयर वा सहकारी मोडेल) ले परियोजनामा स्वामित्व र विश्वास दुवै बढाउन सक्छ।

निष्कर्षतः, नेपालसँग ऊर्जा स्रोतको सम्भावना प्रशस्त छ; चुनौती भनेको त्यसलाई समयमै सही निर्णय र प्रभावकारी कार्यान्वयनमार्फत वास्तविक उपलब्धिमा रूपान्तरण गर्ने हो। दैलेख र गोरखामा भेटिएको भनिएको ग्यास केवल हल्ला वा अनुमानमै सीमित रहने हो भने नेपालले ठूलो अवसर गुमाउनेछ। वैज्ञानिक अध्ययन, स्पष्ट नीति, लगानी व्यवस्थापन र दृढ राजनीतिक इच्छाशक्ति भएमा यो सम्भावना यथार्थमा बदलिन सक्छ।

अब आवश्यकता स्पष्ट छ,राष्ट्रिय ऊर्जा रणनीतिमा ग्यास उत्खननलाई प्राथमिकतामा राख्ने, दीर्घकालीन राजनीतिक प्रतिबद्धता सुनिश्चित गर्ने, वैज्ञानिक अध्ययनलाई तीव्रता दिने र पारदर्शी लगानी वातावरण निर्माण गर्ने। नागरिक सहभागितामूलक लगानी (सेयर वा सहकारी मोडेल) ले परियोजनामा स्वामित्व र विश्वास दुवै बढाउन सक्छ।

निष्कर्षतः, नेपालसँग ऊर्जा स्रोतको सम्भावना प्रशस्त छ; चुनौती भनेको त्यसलाई समयमै सही निर्णय र प्रभावकारी कार्यान्वयनमार्फत वास्तविक उपलब्धिमा रूपान्तरण गर्ने हो।

ऊर्जा संकटबाट गुज्रिरहेको नेपालका लागि अब विकल्प खोज्नु मात्र होइन, विकल्प कार्यान्वयन गर्नु अनिवार्य भइसकेको छ। यदि सरकार तदारुकताका साथ अघि बढ्छ भने, आजको समस्या भोलिको समृद्धिमा रूपान्तरण हुन सक्छ।

## प्रमुख ...

बनेको हो।

साह यसअघि १४ करोड रुपैयाँ हिनामिनाको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग को छानबिनमा परेका थिए। पछि विशेष अदालतबाट सफाइ पाएर पुनः जिम्मेवारीमा फर्किएका उनी निलम्बनकै अवधिमा उपभोक्ता समितिको खाताबाट कारोबार गरेको विवादमा समेत मुछिएका थिए।

यता मधेश प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय का निमित्त सचिव सञ्जय साहले भने छिट्टै नयाँ प्रमुख खटाइने र बाँकी दुई महिनामा साना योजनाहरू सम्पन्न गर्ने प्रयास गरिने बताएका छन्।

तर स्थानीयस्तरमा भने नेतृत्वको लापरबाही र संस्थागत कमजोरीका कारण विकास प्रक्रिया नै प्रभावित भएको भन्दै आलोचना बढ्दै गएको छ।

## व्यापारी...

गरेको हो।

नयाँ व्यवस्था अनुसार अब आयातकर्ताले भन्सार बिन्दुमै वस्तुको एमआरपी कति हुने हो भन्ने विवरण 'स्वघोषणा' मार्फत दिन सक्नेछन्। साथै, सामान भित्रिएपछि बिक्री वितरणअघि मात्रै एमआरपी लेबल टाँस्ने प्रतिबद्धता जनाए पनि जाँचपास गर्न मिल्ने सुविधा दिइएको छ।

भन्सार विभागले मन्त्रालयलाई पठाएको पत्रमा औद्योगिक कच्चा पदार्थ, मेसिनरी, औजार तथा छिटो नासिने वस्तुहरू (फलफूल-तरकारी) को जाँचपासमा सबैभन्दा बढी समस्या देखिएको उल्लेख गरेको छ। सरकारको यो निर्णयसँगै भन्सार प्रक्रिया सहज हुने र व्यापारीहरूको असन्तुष्टि कम हुने अपेक्षा गरिएको छ। साथै, उपभोक्ता हित र बजार नियमनबीच सन्तुलन कायम गर्ने चुनौती भने अझै यथावत् रहेको देखिन्छ।

## बेटी...

लगेका फाइलहरू फिर्ता नआउँदा प्रक्रिया अगाडि बढ्न सकेको छैन। आर्थिक वर्ष २०७७/७८ मा तेस्रो चरणअन्तर्गत १० हजार साइकल खरिद गरिएकामा ३ हजार २६७ मात्रै वितरण भएको र करिब २ करोड ९३ लाख रुपैयाँ भुक्तानी भएको छ। आपूर्तिकर्तालाई अझै करिब ५ करोड ६८ लाख रुपैयाँ भुक्तानी बाँकी रहेको जनाइएको छ।

लामो समयसम्म प्रयोगविहीन अवस्थामा राखिँदा सरकारी सम्पत्तिको दुरुपयोग भएको भन्दै सरोकारवालाहरूले आलोचना गरेका छन्। एक समय प्रदेश सरकारको पहिचान बनेको यो कार्यक्रम अहिले व्यवस्थापन कमजोरी र बेवास्ताका कारण विवादित बन्न पुगेको छ।

## २.७...

चेक फिर्ता माग्दा साहुले उल्टै ९१ लाख रुपैयाँ दाबी गर्दै चेक बाउन्स मुद्दामा फसाउने धम्की दिएको उजुरीमा उल्लेख छ।

अनुसन्धानका क्रममा साहु र उनका सहयोगीबीच मिलेमतो गरी खाली चेकमा अनधिकृत रूपमा ठूलो रकम भरी चेक बाउन्स प्रक्रियासमेत अघि बढाइएको पाइएको प्रहरीले जनाएको छ।

दुवै जनालाई बुधबार पक्राउ गरी अदालतबाट तीन दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी विष्णु प्रदीप बस्यालले जानकारी दिए।

प्रहरीका अनुसार मधेश प्रदेशमा ऋण लेनदेनका क्रममा साँवाभन्दा धेरै गुणा रकम उल्लेख गर्ने प्रवृत्ति देखिए पनि खाली चेक दुरुपयोग गरी यति ठूलो रकम असुल्ने प्रयास भने दुर्लभ रहेको छ।

## रोल्पा...

गएका यात्रुहरूको यस्तो दुःखद अन्त्यले रोल्पा र रुकुम क्षेत्रमा शोक छाएको छ। प्रारम्भिक अनुसन्धानमा सडकको जोखिम, सवारीको भार र नियन्त्रण गुम्नु दुर्घटनाको कारण हुन सक्ने अनुमान गरिएको छ। प्रहरीले घटनाको थप अनुसन्धान भइरहेको र विस्तृत विवरण संकलनपछि सार्वजनिक गरिने जनाएको छ।

## वीरगञ्ज...

भइसकेको वर्तमान अवस्थामा नागरिक एपमार्फत लाइसेन्स र ब्लुबुक उपलब्ध हुने तथा ई-चलान प्रणालीबाट जरिवाना तिर्न सकिने व्यवस्था भएकाले कागजात नियन्त्रणमा लिनु नागरिक अधिकारविपरीत हुने उल्लेख गरेको छ।

यसअघि ट्राफिक प्रहरीले व्यवहारमा लाइसेन्स र ब्लुबुक जफत गर्ने अभ्यास गर्दै आएकोमा त्यसलाई अधिकारको दुरुपयोगको रूपमा व्याख्या गर्दै भविष्यमा यस्तो कार्य नगर्न गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिइएको छ। निवेदकको माग प्राविधिक रूपमा खारेज भए पनि अदालतले नागरिकको अधिकार संरक्षण र प्रहरीको स्वेच्छाचारी अभ्यास रोक्न आवश्यक आदेश जारी गरेको छ।

## बारा-रौतहट...

गरिएको र त्यसलाई पिकअप तथा अन्य सवारीसाधनमार्फत काठमाडौँ लगायतका सहरसम्म पठाइएको श्रोतको दाबी छ। त्यस्तै शुक्रवार दिउँसै ७ वटा भारतिय मोटरसाईकलमा कमडाको ठुलो बणॐडल सहित भित्रयाईएको छ। स्थानीयले अरबिन्द साह, भोला कपडा कारोबारी, सियाराम समूह तथा दीपकको स्कारपियो प्रयोग हुने संरचनामार्फत १० देखि २० लाख रुपैयाँ बराबरको सामान एकै पटकमा ओसारपसार हुने गरेको आरोप लगाएका छन्। उनीहरूका अनुसार यस्तो गतिविधि लामो समयदेखि निरन्तर चलिरहेको छ। सीमा क्षेत्रमा सशस्त्र प्रहरी र नेपाल प्रहरीको उपस्थिति भए पनि तस्करी नियन्त्रण प्रभावकारी नदेखिएको भन्दै स्थानीयले असन्तुष्टि जनाएका छन्। सर्वसाधारणलाई सामान्य चेकजाँचमा कडाइ गर्ने तर संगठित तस्करी समूहलाई छुट दिइएको जस्तो देखिएको आरोपसमेत लागेको छ। यसरी सीमादेखि जिल्ला सदरमुकामसम्म फैलिएको अवैध कारोबारले राज्यको सुरक्षा व्यवस्था र नियन्त्रण प्रणालीमाथि गम्भीर प्रश्न खडा गरेको स्थानीयको भनाइ छ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# सहकारी अध्यादेश जारी, अन्य पाँच अझै अध्ययनमै

**१७ वैशाख, काठमाडौं ।**
राष्ट्रपति रामचन्द्र पौडेलले सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ जारी गरेका छन्। मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा ११४(१) बमोजिम उक्त अध्यादेश जारी गरिएको राष्ट्रपति कार्यालयले जनाएको छ।



राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यका अनुसार सरकारले सिफारिस गरेका ६ वटा अध्यादेशमध्ये हाल सहकारीसम्बन्धी अध्यादेश मात्र स्वीकृत भएको हो। बाँकी अध्यादेशहरू संवैधानिक परिषद्, केही नेपाल ऐन, स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय तथा सार्वजनिक पदाधिकारी पदमुक्तिसम्बन्धी अझै अध्ययनकै क्रममा रहेका छन्। स्रोतका अनुसार राष्ट्रपतिले अन्य अध्यादेशहरूबारे संवैधानिक र कानुनी पक्षलाई ध्यानमा राख्दै विज्ञहरूसँग परामर्श जारी राख्नुभएको छ। यसै सन्दर्भमा राष्ट्रपति पौडेलले शीतलनिवासमा केही कानुनविद्हरूसँग छलफल समेत गरेको थियो। सरकारले एकैपटक बहुविध अध्यादेश अघि बढाउँदा त्यसको आवश्यकता, वैधानिकता र प्रभावबारे चासो बढिरहेका बेला राष्ट्रपतिको यो चरणबद्ध निर्णयलाई अर्थपूर्ण रूपमा हेरिएको छ

# अतिक्रमण विरुद्ध देशव्यापी अभियान, ७७ जिल्लामा गृहको कडा निर्देशन

**१७ वैशाख, काठमाडौं ।**
सरकारले सार्वजनिक तथा सरकारी जग्गामा बढ्दो अतिक्रमण नियन्त्रण गर्न देशव्यापी अभियान सुरु गर्ने संकेत दिएको छ। सोहीअनुसार गृह मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई अतिक्रमित जग्गामा बनेका संरचना हटाउन सर्कुलर जारी गरेको छ।




मन्त्रालयले सचिवस्तरीय निर्णय गर्दै सबै जिल्ला प्रशासन कार्यालयहरूलाई अतिक्रमण पहिचान, नियन्त्रण र हटाउने कार्य तत्काल अघि बढाउन निर्देशन दिएको हो। यसअघि २०८२ चैत २० गते जारी परिपत्रलाई स्मरण गराउँदै पुनः सक्रियता बढाउन गृहले आग्रह गरेको हो। शाखा अधिकृत कृष्ण देवकोटाद्वारा हस्ताक्षरित पत्रमा जिल्लास्थित सम्बन्धित निकायहरूसँग समन्वय गरी सार्वजनिक जग्गाको यथार्थ अवस्था पहिचान गर्न र अतिक्रमण हटाउने स्पष्ट कार्ययोजना तयार गर्न भनिएको छ। साथै, तयार गरिएको योजना मन्त्रालयमा पेश गर्न निर्देशन दिइएको छ। गृह मन्त्रालयले अतिक्रमित जग्गा फिर्ता ल्याउने कार्यलाई प्राथमिकतामा राख्दै योजनाबद्ध ढंगले अघि बढ्न जोड दिएको छ। पछिल्लो समय देशका विभिन्न स्थानमा सार्वजनिक जग्गा अतिक्रमणका घटनाहरू बढ्दै गएकाले सरकार कडाइका साथ अघि बढ्न लागेको संकेत देखिएको छ। यस सर्कुलरसँगै अब स्थानीय प्रशासनहरू सक्रिय रूपमा अतिक्रमणविरुद्ध उत्रिने अपेक्षा गरिएको छ।

# वीरगञ्ज सडक विस्तार विवाद: ऐतिहासिक बस्ती संरक्षणको माग तीव्र

**संवाहक सम्वादाता-१७ वैशाख, कलैया**
वीरगञ्जको मुख्य बजार क्षेत्रमा प्रस्तावित सडक विस्तार योजनालाई लिएर स्थानीयवासी र सरोकारवालाबीच विवाद चर्किएको छ। करिब दुई सय वर्ष पुरानो ऐतिहासिक तथा व्यापारिक शहरको मौलिक पहिचान जोखिममा पर्ने भन्दै स्थानीयले संरक्षणको माग गरेका छन्।



स्थानीय उद्योगी-व्यवसायी, बासिन्दा र नागरिक समाजका प्रतिनिधिहरूले पत्रकार सम्मेलन गर्दै सडक विस्तारका क्रममा पुराना बस्ती, धार्मिक स्थल, विद्यालय र व्यापारिक संरचना भत्काइएमा ठूलो सामाजिक र आर्थिक क्षति हुने चेतावनी दिएका छन्। उनीहरूका अनुसार यसअघि नै नेपाल-भारत सीमा मितेरी पुलदेखि गण्डक क्षेत्रसम्म घना बस्ती नतोड्ने सहमति भइसकेको थियो र वैकल्पिक बाइपास सडकहरू पनि सञ्चालनमा आइसकेका छन्। तर हाल पुनः मुख्य बजार क्षेत्र केन्द्रित सडक विस्तार अघि बढाइएपछि स्थानीय असन्तुष्टि बढेको हो। प्रस्तावित योजनाले करिब १५ सय घरधुरी प्रभावित हुने र हजारौंको रोजगारीमा असर पर्ने अनुमान गरिएको छ। स्थानीयले लालपुर्जा भएका घरहरू समेत भत्काउने कार्य संविधानले सुनिश्चित गरेको सम्पत्ति अधिकारविरुद्ध भएको आरोप लगाएका छन्। उनीहरूले नारायणगढ-मुग्लिन सडक खण्डमा जस्तै सीमित चौडाइको शहरी मापदण्ड अपनाउनुपर्ने सुझाव दिँदै पुराना बस्ती संरक्षण गर्न सरकारसँग आग्रह गरेका छन्। स्थानीयको माग छ– विकास र विस्तारसँगै ऐतिहासिक शहरको सांस्कृतिक र आर्थिक पहिचान पनि सुरक्षित हुनुपर्छ।

# २.७ लाखको ऋणमा ९१ लाखको जाल: खाली चेक दुरुपयोगमा दुई पक्राउ

**संवाहक सम्वादाता-१७ वैशाख, कलैया**
सानो ऋणलाई अस्वाभाविक रूपमा बढाएर ठूलो रकम असुल्ने प्रयास गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।



जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार सर्लाही पर्सा गाउँपालिका-२ निवासी ३५ वर्षीय विपेन्द्र कुमार साह र जनकपुर उपमहानगरपालिका-२१ का दिनेश साह सोनारलाई नियन्त्रणमा लिइएको हो। उनीहरूविरुद्ध ठगी तथा आपराधिक विश्वासघातसम्बन्धी मुद्दा दर्ता गरी थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार गढीमाई नगरपालिका-९ का तारकेश्वर सहनीले करिब एक वर्षअघि घरायसी प्रयोजनका लागि २ लाख ७० हजार रुपैयाँ ऋण लिएका थिए। सोही क्रममा सुरक्षाका लागि उनले लुम्बिनी विकास बैंकको खाली चेकमा हस्ताक्षर गरेर दिएका थिए। समयक्रममा सहनीले २ लाख ४० हजार रुपैयाँ फिर्ता गरिसकेका थिए भने बाँकी रकम किस्ताबन्दीमा बुझाउने सहमति भएको थियो। तर,

बाँकी तेस्रो पृष्ठमा

# वीरगञ्ज सडक विस्तार विवाद: ऐतिहासिक बस्ती संरक्षणको माग तीव्र

**१७ वैशाख,काठमाडौं ।**
ट्राफिक नियम उल्लंघनका नाममा चालकको लाइसेन्स, ब्लुबुक तथा सवारी साधनको साँचो नियन्त्रणमा लिन नपाइने सर्वोच्च अदालतले स्पष्ट निर्देशन दिएको छ।



न्यायाधीशद्वयको संयुक्त इजलासले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को व्याख्या गर्दै ट्राफिक प्रहरीलाई तत्काल जरिवाना गर्ने वा २४ घण्टाभित्र उपस्थित हुने गरी पुर्जी दिने अधिकार मात्र रहेको ठहर गरेको हो। ऐनले भौतिक कागजात जफत गर्ने अधिकार नदिएको अदालतको निष्कर्ष छ। अदालतले डिजिटल प्रणाली विस्तार

बाँकी तेस्रो पृष्ठमा

# रोल्पाको थवाङमा भीषण जीप दुर्घटना: २० तीर्थयात्रीको मृत्यु, देश शोकमा


**काठमाडौं / रोल्पा ।**
रोल्पाको थवाङ गाउँपालिका-१ मा भएको बोलेरो जीप दुर्घटनामा २० जनाको ज्यान गएको छ। वैशाख पूर्णिमाको अवसरमा जलजला मेला भर्न गइरहेका तीर्थयात्री बोकेको सवारी अनियन्त्रित भई करिब ८ सय मिटर तल खस्दा ठूलो मानवीय क्षति भएको हो।



लु १ ज ४१६७ नम्बरको बोलेरो रुकुम पूर्वबाट तीर्थयात्राका लागि हिँडेका यात्रुहरू लिएर थवाङतर्फ जाँदै गर्दा दुर्घटना परेको हो। प्रहरीका अनुसार घटनास्थलमै १७ जनाको मृत्यु भएको थियो भने थप ३ जनाले उपचार तथा उद्धारका क्रममा ज्यान गुमाएका हुन्। विकट भौगोलिक अवस्था, भिरालो सडक र कमजोर सञ्चार पहुँचका कारण उद्धार तथा पहिचान कार्यमा कठिनाइ भएको प्रहरीले जनाएको छ। स्थानीयवासी र सुरक्षाकर्मीको सहयोगमा घाइते तथा शव निकाल्ने कार्य जारी छ। उत्साह र श्रद्धासहित मेला भर्न

बाँकी तेस्रो पृष्ठमा

तातो हावा वा लू बाट बच्ने उपायहरू



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरू



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरू



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरू



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।